**२०७४ साल वैशाख २९ गते शुक्रबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— चीनको छेन्दुमा आयोजना हुने “International Conference of Emerging Market and Finance” विषयक सम्मेलनमा राष्ट्रिय योजना आयोगका मा. उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठलाई भाग लिन स्वीकृति दिने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— UNESCAP को ७३ औं बैठकमा राष्ट्रिय योजना आयोगका सदस्यसचिव श्री विष्णुप्रसाद लम्सालको नेतृत्वमा सहभागी हुन स्वीकृति दिने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— लोक सेवा आयोगका माननीय सदस्यहरूको भारत भ्रमण स्वीकृत गर्ने ।

४. अर्थ मन्त्रालय— भूकम्प पीडितहरूको घर निर्माणका लागि सामुहिक जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने कार्यविधि, २०७४ स्वीकृत गर्ने ।

५. अर्थ मन्त्रालय— जीवन बीमा व्यवसाय सञ्चालन गर्ने प्रमाणपत्र दिन बीमा समितिलाई स्वीकृति दिने विषय आवश्यकता र औचित्यका आधारमा अर्थ मन्त्रालयले टुङ्गो लगाउने ।

६. उद्योग मन्त्रालय— माननीय उद्योग मन्त्रीलाई अमेरिका भ्रमण गर्न स्वीकृति दिने ।

७. गृह मन्त्रालय— मेक्सीकोमा आयोजना हुने 2017 Global Platform for Disaster Risk Reduction सम्मेलनमा माननीय गृह राज्यमन्त्री श्री इन्द्र बहादुर बानियाको नेतृत्वमा अमेरिकाका लागि नेपाली राजदुत डा. अर्जुन कुमार कार्की समेतको प्रतिनिधि मण्डललाई भाग लिन पठाउने ।

८. रक्षा मन्त्रालय— नेपाली सेनाका रथी वलदेव राज महतलाई MONUSCO मिशन कंगोमाहुने मेडल परेड कार्यक्रमको नेतृत्व गर्न स्वीकृति दिने ।

९. रक्षा मन्त्रालय— राष्ट्रिय सेवा दलको सांगठनिक संरचना स्वीकृत गर्ने ।

१०. रक्षा मन्त्रालय— नेपाली सेनाको संगठनात्मक संरचना स्वीकृत गर्ने ।

११. सामान्य प्रशासन मन्त्रालय— अर्थ मन्त्रालय, आन्तरिक राजस्व कार्यालय काठमाण्डौं क्षेत्र नं. २ र कोष तथा लेखा नियन्त्रक कार्यालय, कास्कीको प्रस्तावित संङ्गठन संरचना र दरवन्दी तेरिज स्वीकृति गर्ने।

१२. सामान्य प्रशासन मन्त्रालय— राजपत्रांकित प्रथम श्रेणी सहसचिव वा सो सरहको पदमा तारानाथ अधिकारीसमेतको नियुक्ति तथा पदस्थापन गर्ने ।

१३. सामान्य प्रशासन मन्त्रालय— सहसचिव रामआधार साहको सेवा समूह परिवर्तन गर्न लोकसेवा आयोगको सहमति लिन स्वीकृति दिने ।

१४. स्वास्थ्य मन्त्रालय— डा. कुम्भराज जोशीको वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई बुझाउन बाँकी रहेको शुल्क नेपाल सरकारले तिरि दिने ।

१५. मिति २०७३/१२/२८ को निर्णयबमोजिम स्थानीय तहको सङ्ख्या र सीमा विषयको सुझाव दिन गठित समितिलाई देहायबमोजिम पुर्नगठन गर्ने र उक्त समितिले २०७४ जेठ ५ गतेभित्र प्रतिवेदन पेश गर्ने-

(क) माननीय विजयकुमार गच्छदार, उपप्रधानमन्त्री तथा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्री— संयोजक

(ख) माननीय बालकृष्ण खाँण, रक्षा मन्त्री — सदस्य

(ग) माननीय अजय शंकर नायक, कानुन, न्याय तथा संसदीय मामिला मन्त्री — सदस्य

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

**२०७४ साल वैशाख २५ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. अर्थ मन्त्रालय— एशियाली विकास बैंकबाट ऋण तथा अनुदान सहायता प्राप्त गर्न नेपाल सरकारको तर्फबाट वार्ता टोली गठन गर्ने ।

२. ऊर्जा मन्त्रालय— बुढीगण्डकी जलविद्युत आयोजनाको लागि मुआव्जा वितरण गर्ने कार्यमा संलग्न कर्मचारीहरुलाई शुरु तलब स्केलको ५० प्रतिशत सम्म कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउन स्वीकृति दिने ।

३. गृह मन्त्रालय— Chinese नागरिकहरु Ding Naiping र Dong Zhiyuan लाई १ (एक) वर्ष नेपाल प्रवेश गर्न नपाउने गरी नेपाल बाहिर निष्काशन गर्न स्वीकृति दिने।

४. गृह मन्त्रालय— देहायका व्यक्तिहरूलाई शहीद घोषणा गर्नेः

१. संजन महतो, मलेठ-४, सप्तरी
२. पिताम्बरलाल मण्डल, मलेठ-४, सप्तरी
३. आनन्द शाह, प्रसवनी-४, सप्तरी
४. वीरेन्द्र महतो, मलेठ-२, सप्तरी
५. इनर यादव, जमुनी मध्यपुरा-१, सप्तरी
६. बासुवेद शाह, अमाहिवरियाती, मोरङ्ग
७. गणेशबहादुर शाही (वनसंरक्षक शहिद) दशेरा-८, वडावन, जाजरकोट .

५. परराष्ट्र मन्त्रालय— नेपाल तथा एल साल्भाडोर बीच कूटनीतिक सम्बन्ध स्थापना गर्न गत २१ सेप्टेम्बर २०१६ मा नेपाल सरकारको तर्फबाट माननीय परराष्ट्र मन्त्रीले हस्ताक्षर गर्नु भएको संयुक्त विज्ञप्ती (Joint Communiqué) लाई अनुमोदन गर्ने ।

६. परराष्ट्र मन्त्रालय— नेपाल सरकार र जनवादी गणतन्त्र चीन सरकारबीच 'बेल्ट एण्ड रोड इनिसिएटिभ' अन्तर्गत सहयोग सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्ने ।

७. परराष्ट्र मन्त्रालय— सम्माननीय राष्ट्रपतिको श्रीलङ्काको औपचारीक भ्रमण सम्बन्धी प्रतिनिधिमण्डल गठन गर्ने ।

८. रक्षा मन्त्रालय— U.S. Army Pacific Commanding General Robert B. Brown लाई नेपाल भ्रमणको औपचारिक निमन्त्रणा पठाउने स्वीकृति दिने ।

९. रक्षा मन्त्रालय— प्राविधिक सहायक रथी डा. राजेश पन्तको राजीनामा स्वीकृत गर्ने ।

१०. वन तथा भू–संरक्षण मन्त्रालय— पर्सा वन्यजन्तु आरक्षलाई राष्ट्रिय निकुन्जको रुपमा घोषणा गर्ने ।

११. सहरी विकास मन्त्रालय— काठमाडौं उपत्यका भित्र चार स्थानहरूमा (दिशाहरूमा) नयाँ नगरको विकास एवं निर्माण गर्ने ।

१२. सामान्य प्रशासन मन्त्रालय— स्वास्थ्य मन्त्रालय अन्तर्गतका एक अस्पताल तथा दुई वटा स्वास्थ्य केन्द्रको स्तरउन्नति गर्न प्रस्तावित सङ्गठन संरचना र दरवन्दी तेरिज स्वीकृति गर्ने ।

१३. स्वास्थ्य मन्त्रालय— जेनेभामा आयोजना हुने WHO को ७०औ महासभामा मा. स्वास्थ्य मन्त्रीको नेतृत्वमा डा.किरण रेग्मी समेतको प्रतिनिधि मण्डल पठाउने ।

१४. स्वास्थ्य मन्त्रालय— प्रविधिजन्य स्वास्थ्य सामग्री तथा उपकरण सम्बन्धी निर्देशिका, २०७४ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१५. राउटे कपिल शाहीलाई उपचार खर्च र राउटे जातिको १२ वर्षे पुजा मनाउनको लागि पाँच लाख रूपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

१६. द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनामा भएको क्षतिको विवरण छानविन एवं परीक्षण सम्बन्धी कार्यदल गठन आदेश, २०७३ को बुँदा नं. ३ प्रस्तावित कार्यदलका कार्यक्षेत्रगत शर्तको खण्ड (घ) पछि देहायको खण्ड (ङ) थप गर्ने —

(ङ) चौथो कार्यदले MISYSTEM मा द्वन्द्वपीडितहरूको घटना entry गरेको तर प्रतिवेदन पेश नगर्दै अवधि सकिएर प्रतिवेदन प्राप्त गर्न वांकी घटनाहरूको आवश्यकता अनुसार छानविन, परीक्षण एवं एकीन गरी ती घटनाहरूको प्रतिवेदन पेश गर्ने ।

१७. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गर्ने –

| क्र.सं. | नाम, थर | साविक पद र कार्यालय | सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री चन्द्रकुमार घिमिरे | सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | श्री विष्णुप्रसाद लम्साल | सचिव, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय |
| ३. | श्री खगराज बराल | सचिव, राष्ट्रिय सूचना आयोग | सचिव, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय |

१८. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव श्री टंकमणि शर्मा (दंगाल) ले मिति २०७४।२।१ गतेदेखि लागू हुने गरी आफ्नो पदबाट निजामती सेवा ऐन, २०४९ को दफा ३७ को उपदफा (३) अनुसार सुविधा पाउने गरी दिनुभएको राजीनामा सोही मितिदेखि लागू हुने गरी स्वीकृत गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

**२०७४ साल वैशाख २१ गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४ व्यवस्थापिका-संसदमा पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण (पहिलो संशोधन) कार्विधि, २०७४ स्वीकृत गर्ने ।

३. अर्थ मन्त्रालय— विद्यालय क्षेत्र विकास कार्यक्रमको लागि विश्व बैंकबाट प्राप्त हुने ऋण सहायता स्वीकार गर्ने ।

४. अर्थ मन्त्रालय—चीनको बेइजिङमा आयोजना हुने The Belt and Road Forum मा सहभागी हुने प्रतिनिधिमण्डल गठन गर्ने ।

५. आपूर्ति मन्त्रालय— नेशनल ट्रेडिङ्ग लिमिटेडको जग्गा बिक्री, स्वैच्छिक अवकाश एवं सम्पत्ती व्यवस्थापन विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने।

६. ऊर्जा मन्त्रालय— नेपाल विद्युत प्राधिकरणलाई नियमानुसार G to G प्रक्रिया अवलम्वन गरी LED वल्व खरिद गर्न सैद्धान्तिक सहमति दिने ।

७. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय— नेपाल बार एशोसिएशनलाई आर्थिक सहायता स्वरुप दश लाख रुपैयाँ उपलव्ध गराउने।

८. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय— नेपाल न्याय सेवा, कानून समूह, राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव पदमा श्री यज्ञप्रसाद भट्टराईसमेतलाई नियुक्ति तथा पदस्थापन गर्ने ।

९. कृषि विकास मन्त्रालय– वीउ विजनको किसिम, जातहरुको सूची नेपाल राजपत्रमा प्रकाशन गर्ने।

१०. गृह मन्त्रालय— सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा पुष्पराम के.सी.समेतलाइ बढुवा गर्ने।

११. गृह मन्त्रालय— जाँचवुझ आयोग गठन गर्ने ।

१२. गृह मन्त्रालय— उपचार खर्च वापत आर्थिक सहायता उपलब्ध गराउने ।

१३. गृह मन्त्रालय— निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ४१ को उपदफा (३) बमोजिमका कसूर तथा सजाय सम्बन्धी मुद्दा हेर्ने अदालत तोकी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने ।

१४. गृह मन्त्रालय— स्थानीय तह निर्वाचनको दिन सार्वजनिक विदा दिने।

१५. गृह मन्त्रालय— जानकी नवमी पर्वका दिन धनुषा र महोत्तरी जिल्लामा सार्वजनिक विदा दिने ।

१६. परराष्ट्र मन्त्रालय— अवैतनिक नेपाली वाणिज्यदूतको नियुक्ति तथा म्याद थप गर्ने ।

१७. परराष्ट्र मन्त्रालय— विदेशस्थित नेपाली नियोगको सार्वजनिक खरिद कार्यविधि, २०७३" नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

१८. परराष्ट्र मन्त्रालय— नेपाली राजदूतावास, बेइजिङमा कार्यरत स्थानीय कर्मचारीहरूको नयाँ तलवमान स्वीकृत गर्ने ।

१९. परराष्ट्र मन्त्रालय— माननीय परराष्ट्रमन्त्रीको नेतृत्वमा सिंगापुर र भारत भ्रमणका लागि प्रतिनिधिमण्डलको गठन गर्ने ।

२०. पशुपन्छी विकास मन्त्रालय— वर्ड फ्लु रोगबाट पिडित कृषकहरुलाई थप राहत रकम स्वीकृती गर्ने ।

२१. पशुपन्छी विकास मन्त्रालय— वर्ड फ्लु रोग नियन्त्रण आदेश संशोधन विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२२. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— सुर्खेत जिल्ला, साविक कोटमाझखर्क गाउँ विकास समितिको हाल भेरीगंगा नगरपालिका र मेहलकुना, सहारे एवं धारापानी गाउँ विकास समिति अन्तरगतको जग्गा दर्ता समिति गठन(पहिलो संशोधन) आदेश, २०७४ स्वीकृत गर्ने ।

२३. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— रुपन्देही जिल्ला, हाल बुटवल उपमहानगरपालिका र सैनामैना नगरपालिका अन्तरगत बहाल विटौरी, कोदाले र आँकडा लगत बमोजिम बसोबास गरेका व्यक्ति वा परिवारको नाममा जग्गा दर्ता सम्बन्धी समिति गठन (पहिलो संशोधन) आदेश, २०७३ स्वीकृत गर्ने ।

२४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— नेपाल इन्जिनियरिङ्ग परिषद् नियमावली, २०५७ को नियम १५ बमोजिम नेपाल इन्जिनियरिङ्ग परिषद्को सिफारिस अनुसार पश्चिमाञ्चल क्याम्पस, इन्जिनियरिङ्ग अध्ययन संस्थान, लामाचौर, पोखरालाई बि.ई. जियोमेटिक्स इन्जिनियिरिङ्ग विद्यार्थी संख्या-४८, सहितको कार्यक्रम थप गरी अध्यापन गराउन अस्थायी स्वीकृति दिने।

२५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— काठमाडौं-तराई/मधेस फाष्ट ट्र्याक सडक (द्रुतमार्ग ) को निर्माण व्यवस्थापन नेपाली सेनाबाट गर्ने ।

२६. युवा तथा खेलकुद मन्त्रालय— आर्थिक सहयोग उपलब्ध गराउने।

२७. युवा तथा खेलकुद मन्त्रालय— राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष श्री माधव प्रसाद ढुंगेलसँग स्पष्टीकरण माग गर्ने ।

२८. युवा तथा खेलकुद मन्त्रालय— रसियाको Kazan शहरमा आयोजना हुने 6th International Conference of Ministers and Senior Officials Responsible for Physical Education and Sports (MINEPS) अन्तर्राष्ट्रिय सम्मेलनमा युवा तथा खेलकुद मन्त्री र सचिव श्री महेश प्रसाद दहाललाई सहभागिताका लागि स्वीकृति प्रदान गर्ने ।

२९. रक्षा मन्त्रालय— विनायकबहादुर सिंहलाइ पाईलट महासेनानी पदमा पदोन्नति गरी पदस्थापन गर्ने।

३०. वन तथा भू–संरक्षण मन्त्रालय— गैडाकोट पिपलडाँडा सडक योजनाको स्तरोन्नतिको लागि वन क्षेत्रको–जग्गा प्रयोग गर्न दिने।

३१. वन तथा भू–संरक्षण मन्त्रालय— काशिटार-खुमटार सिंचाइ योजनाको नहर निर्माणका लागि वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने ।

३२. वन तथा भू–संरक्षण मन्त्रालय— लिखु २ जलविद्युत आयोजना (५५मे.वा.) को लागि गौरीशंकर संरक्षण क्षेत्रको जग्गा प्रयोग गर्न दिने ।

३३. वन तथा भू–संरक्षण मन्त्रालय— लिखु खोला-ए जलविद्युत आयोजना (५१मे.वा.) को लागि वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने ।

३४. वन तथा भू–संरक्षण मन्त्रालय— लिखु १ जलविद्युत आयोजना (७७मे.वा.) को लागि वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने ।

३५. वन तथा भू–संरक्षण मन्त्रालय— जगन्नाथ अवोलिङ मन्दिरको जिर्णोद्वार तथा मर्मत कार्य गर्नका लागि ७२२ क्यू.फि. सालको गोलिया काठ जिल्ला वन कार्यालय, कैलालीले उपलब्ध गराउने । उक्त काठको राजस्व रकम रु. ४,२१,०००।०० रोयल्टी छुट दिने ।

३६. वन तथा भू–संरक्षण मन्त्रालय— राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण (चौथो संशोधन) नियमावली २०७४ स्वीकृत गर्ने ।

३७. वन तथा भू–संरक्षण मन्त्रालय— धरान–चतरा–गाईघाटहेटौंडा सडक योजनाको–सिन्धुली– स्तरोन्नति कार्यका लागि वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने ।

३८. वन तथा भू–संरक्षण मन्त्रालय— बागमती सिंचाइ आयोजनाको Escape Channel of Silt Ejector निर्माणका लागि वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने ।

३९. वन तथा भू–संरक्षण मन्त्रालय— रा.प.प्रथम श्रेणीको सहसचिव (प्रा.) पदमा बढुवा नियुक्ति गर्ने।

४०. वाणिज्य मन्त्रालय— वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धमा व्यवस्थापन तथा नियमन गर्न बनेको विधेयक व्यवस्थापिका-संसद समक्ष पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

४१. शिक्षा मन्त्रालय— रिभाइज सार्क चियर फेलोसिप र स्कलरसिप स्किम अन्तर्गत नेपाल सरकारले प्रदान गर्ने छात्रवृत्तिमा नेपालमा अध्ययन गर्न आउने नेपाल बाहेक सार्क सदस्य राष्ट्रका विद्यार्थीलाई साविकमा प्रदान गरिदै आएको रकममा आगामी आर्थिक बर्ष देखि बृद्धि गर्ने ।

४२. शिक्षा मन्त्रालय— शिक्षा नियमावली, २०७३ स्वीकृत गर्ने विषयको प्रस्ताव कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको मिति २०७३/११/२७ को पत्रबाट ध्यानाकर्षण भै आएका विषयहरूसमेत दृष्टिगत गरी मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

४३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— जीवित राष्ट्रिय सम्पदाका रुपमा रहेका वरिष्ठ संस्कृतिविद् डा. सत्यमोहन जोशीलाई वाङमय शताव्दी पुरुष को उपाधि प्रदान गर्ने ।

४४. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय— जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) (पहिलो संशोधन) विधेयक, २०७४ लाई व्यवस्थापिका-संसदमा पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

४५. सामान्य प्रशासन मन्त्रालय— स्वीकृत दरबन्दीभित्र करारमा रहेका व्यक्तिहरुलाई सेवा सुविधा दिने।

४६. सामान्य प्रशासन मन्त्रालय— राजपत्रांकित प्रथम श्रेणीका सहसचिवहरु उत्तमभक्त वाग्लेसमेतको सरुवा गर्ने ।

४७. सामान्य प्रशासन मन्त्रालय अधिकार सम्पन्न संघीय प्रशासनिक पुनर्संरचना समिति गठन गर्ने ।

४८. सूचना तथा सञ्चार मन्त्रालय— सूचना तथा सञ्चार मन्त्रालय सम्बद्ध निकायका अध्यक्ष, सदस्य र पदाधिकारीको नियुक्ति र मनोनयन (चौथो संशोधन) मापदण्ड, २०७४ स्वीकृत गर्ने ।

४९. स्वास्थ्य मन्त्रालय— इन्डोनेशियामा हुने कार्यक्रममा मा. स्वास्थ्य राज्यमन्त्रीको सहभागिता स्वीकृत गर्ने।

५०. स्वास्थ्य मन्त्रालय– भूमिगत समुहले चलाएको गोलीबाट घाईते रामसोगारथ महतोलाई उपचार खर्च उपलब्ध गराउने ।

५१. स्वास्थ्य मन्त्रालय– नेपाल स्वास्थ्य पूर्वाधार विकास मापदण्ड, २०७४ स्वीकृत गर्ने ।

५२. म्यानमारको विशेष शान्ति समितिका सदस्यहरूको स्वागतलगायतमा भएको खर्च वापत समर्पण एकेडमि, धुमवाराही-४, काठमाडौंलाई दश लाख रूपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

**२०७४ साल वैशाख १३ गते बुधबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय— नवलपरासी र रुकुम जिल्लाको स्थानीय तह स्पष्ट पार्ने।

२. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गर्ने –

| क.सं. | नाम, थर | साविक पद र कार्यालय | सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| ४. | श्री दिनेशकुमार थपलिया | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| ५. | श्री केदारबहादुर अधिकारी | सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ६. | श्री सर्वजितप्रसाद महतो | सचिव, विज्ञान तथा प्रविधि मन्त्रालय | सचिव, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण |
| ७. | डा. सञ्जय शर्मा | सचिव, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | सचिव, विज्ञान तथा प्रविधि मन्त्रालय |

३. व्यवस्थापिका-संसदको म.सं. ०७३/७४ च.नं. ५४ मिति २०७३/१२/३ को पत्रसाथ प्राप्त छानविन प्रतिवेदन, २०७३ मा "उल्लेख भएका विषयहरूको सम्बन्धमा नेपाल सरकार सम्बद्ध संवैधानिक निकाय एवं अन्य निकायहरूले प्रचलित कानुनबमोजिम अनुसन्धान गर्न गराउन नेपाल सरकार मार्फत निर्देशन दिने" भनी लेखी आएकोमा उक्त प्रतिवेदनको प्रतिलिपि आवश्यक कार्यार्थ अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

**२०७४ साल वैशाख १० गते आइतबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१.

(क) सरकारमा संलग्न राजनीतिक दलहरू र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा एवं सङ्घीय गठबन्धनमा आबद्ध दलहरूको मिति २०७४/१/९ मा प्रधानमन्त्री निवास वालुवाटारमा बसेको बैठकमा समझदारी भएबमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मं.प.बै.सं. ६३/०७३ मिति २०७३/१२/२८ गतेको निर्णयअनुसार व्यवस्थापिका-संसद्मा पेश भएको नेपालको संविधानलाई दोस्रो संशोधन गर्न बनेको विधेयक उक्त समझदारीबमोजिम परिमार्जन गरी पारित गर्ने ।

(ख) खण्ड (क) बमोजिम संविधान संशोधन विधेयक पारित भएपछि सङ्घीय आयोग गठन गर्ने ।

(ग) संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र सङ्घीय गठबन्धनमा आबद्ध दलहरूले राखेका विरोध तथा आन्दोलनका सम्पूर्ण कार्यक्रमहरू फिर्ता लिई संविधान संशोधन प्रक्रिया र स्थानीय तहको निर्वाचनमा सहभागी हुन आह्वान गर्ने ।

(घ) मं.प.बै.सं. ६३/०७३ मिति २०७३/१२/२८ को निर्णयबमोजिम उपप्रधानमन्त्री एवं सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा स्थानीय तहको सङ्ख्या र सीमा विषयको सुझाव दिन गठित समितिलाई यथाशीघ्र प्रतिवेदन पेश गर्न निर्देशन दिने ।

२. गृह मन्त्रालय—

(क) मिति २०७४ साल वैशाख ३१ गते आईतबारका दिन एकै चरणमा निर्वाचन गर्ने गरी मिति तोकिएकोमा उक्त मितिमा प्रदेश नं. ३, ४ र ६ को स्थानीय तहको निर्वाचन सम्पन्न गर्ने ।

(ख) पहिलो चरणमा खण्ड क बमोजिमका प्रदेशमा निर्वाचन सम्पन्न भै बांकी रहने प्रदेश नं. १, २, ५ र ७ मा मिति २०७४ साल जेष्ठ ३१ गते बुधबारका दिन स्थानीय तहको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचन मिति तोक्ने ।

(ग) मिति २०७४ साल वैशाख ३१ गते आइतबारको दिन हुने पहिलो चरणको निर्वाचनको उम्मेदवार मनोनयन गर्ने यसअगाडि तोकिएको मिति २०७४।०१।१६ गते शनिबारका दिनको सट्टा मिति २०७४।०१।१८ गते सोमबारदेखि उम्मेदवार मनोनयन गर्ने लगायतका निर्वाचन कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने गरी कार्यक्रम तय गर्न निर्वाचन आयोगलाई अनुरोध गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

**२०७४ साल वैशाख ७ गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— थाईल्याण्डको बैंककमा सञ्चालन हुने High level Dialogue on Regional Economic Cooperation and Integration for Enhancing Sustainable Development in Asia and the Pacific विषयक कार्यक्रममा नेपाल सरकारलाई कुनै आर्थिक दायित्व नपर्ने गरी राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीन बहादुर श्रेष्ठलाई भाग लिन स्वीकृति दिने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय—राष्ट्रिय योजना आयोगको सचिवालयका सहसचिव श्री सञ्जय कुमार खनालको राजिनामा स्वीकृत गर्ने।

३. अर्थ मन्त्रालय— एशियाली विकास बैंक (ADB) वाट भन्सार क्षेत्रको सुधार तथा आधुनिकीकरणको लागि ऋण सहायता लिने सम्बन्धमा वार्ता टोली गठन गरी वार्ता गर्न अख्तियारी दिने।

४. अर्थ मन्त्रालय— ऊर्जा क्षेत्रको लागि आयोजना तयारी सुविधा कार्यक्रमको अनुदान सम्झौता गरिएको संशोधन समर्थन गर्ने।

५. उद्योग मन्त्रालय— पेट्रोलियम नियमावली (पांचौ संशोधन), २०७३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

६. ऊर्जा मन्त्रालय— जलविद्युत आयोजना विकास समितिहरू विघटन गर्ने।

७. ऊर्जा मन्त्रालय— माननीय ऊर्जा मन्त्री श्री जनार्दन शर्मालाई मलेसिया भ्रमणमा जान स्वीकृति दिने।

८. ऊर्जा मन्त्रालय— राजपत्राङ्कित पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

९. कृषि विकास मन्त्रालय— राष्ट्रिय किसान आयोगको किसान सदस्य/सहकारी सदस्य र विज्ञ सदस्य पदमा नियुक्ति गर्ने ।

१०. गृह मन्त्रालय— पाकिस्तानी नागरिक Ali Sher र Mehboob Ali Sultan लाई नेपाल प्रवेश गर्न नपाउने गरी नेपाल बाहिर निष्काशन गर्न स्वीकृति दिने ।

११. गृह मन्त्रालय— स्थानीय तहको निर्वाचनमा खटिने कर्मचारीहरुको सुविधा स्वीकृत गर्ने ।

१२. गृह मन्त्रालय— कैलाली जिल्ला टिकापुर घटनामा प्रेम लाल चौधरी समेत १११ जना व्यक्तिहरुलाई क्षतिपूर्ति उपलब्ध गराउने ।

१३. परराष्ट्र मन्त्रालय— यूरोपियन यूनियन(यूरोपेली संघ) लाई जग्गा खरिद गर्न अनुमति प्रदान गर्ने।

१४. परराष्ट्र मन्त्रालय— सिंगापुरमा कार्यरत अवैतनिक वाणिज्यदूतको पदोन्नति सहित म्याद थप गर्ने।

१५. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— महोत्तरी जिल्लाको वर्दिवास न.पा. स्थित मुसहर वस्तीमा घर निर्माण गरी हस्तान्तरण गर्दा लिखत पारितमा लाग्ने रजिष्ट्रेशन दस्तुर छुट दिने ।

१६. महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय— लैंगिक हिंसा पीडित स्वर्गिय सुनिता खटिकको औषधी उपचार खर्च उपलब्ध गराउने ।

१७. युवा तथा खेलकुद मन्त्रालय— चीनको Hangzhou मा हुने 14th Asia/Oceania Region Intergovernmental Ministerial Meeting on Anti-Doping in Sports, कार्यक्रममा माननीय युवा तथा खेलकुद मन्त्रीको नेतृत्वमा मन्त्रालयका सचिव श्री महेश प्रसाद दहाललाई सहभागी हुन स्वीकृति दिने ।

१८. रक्षा मन्त्रालय— प्रमुख सेनानी गौरव कुमार के.सी.लाई महा सेनानी दर्जामा पदोन्नति गर्ने ।

१९. रक्षा मन्त्रालय— नेपाली सेनाका प्रधान सेनापति राजेन्द्र क्षेत्री समेतको भ्रमण दललाई अमेरिका भ्रमणमा जान स्वीकृति दिने।

२०. रक्षा मन्त्रालय— महासेनानी निरमान सिंह गुरुङ्गको पदावधि थप गर्ने ।

२१. रक्षा मन्त्रालय— महासेनानी भाईकृष्ण खत्री र महा सेनानी प्रेम शाहीको पदावधि थप गर्ने ।

२२. रक्षा मन्त्रालय— प्रमुख सेनानी देवेन्द्र थापा समेत ४ (चार) जना प्रमुख सेनानीहरुलाई महा सेनानी दर्जामा विशेष बढुवा गर्ने ।

२३. रक्षा मन्त्रालय— नेपाली सेनाका उपरथी शरद कुमार गिरीलाई UNMISS मा Deputy Force Commander को नियुक्तिमा प्रतिस्पर्धा गर्नको लागि स्वीकृति दिने।

२४. रक्षा मन्त्रालय— नेपाली सेनाका उपरथी देवेन्द्र बहादुर मेधासीलाई UNDOF मा Head of Mission तथा Force Commander को नियुक्तिमा प्रतिस्पर्धा गर्नको लागि स्वीकृति दिने ।

२५. वन तथा भू - संरक्षण मन्त्रालय— माथिल्लो दोर्दी 'ए' जलविद्युत आयोजनालाई वनक्षेत्रको जग्गा प्रयोग गर्न दिने।

२६. वन तथा भू - संरक्षण मन्त्रालय— हेटौडा-ढल्केबर-दुहवी ४०० के.भी. विद्युत प्रसारणलाईन आयोजना (तेस्रोखण्ड) को राइट अफ वे (ROW) निर्माण तथा संचालनका लागि वन क्षेत्रको जग्गा प्रयोग गर्न र रुखविरुवाहरु हटाउन स्वीकृति दिने ।

२७. वन तथा भू - संरक्षण मन्त्रालय— सिमपानी-पधेरापानी खानेपानी योजनाको रिजर्भायर टेंकी निर्माणका लागि शिवपुरी नागार्जुन राष्ट्रिय निकुन्जको जग्गा प्रयोग गर्न स्वीकृति दिने ।

२८. वन तथा भू - संरक्षण मन्त्रालय— राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७३ लाई स्वीकृति प्रदान गर्ने प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२९. वन तथा भू - संरक्षण मन्त्रालय— रावा खोला जलविद्युत आयोजना निर्माण संचालन गर्न वनक्षेत्रको जग्गा प्रयोग गर्न दिने।

३०. वन तथा भू - संरक्षण मन्त्रालय— डाउन पिलुवा खोला साना जलविद्युत आयोजनाका लागि वनक्षेत्रको जग्गा प्रयोग गर्न दिने।

३१. शिक्षा मन्त्रालय— विद्यालय शिक्षक कितावखानामा कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गर्ने।

३२. शिक्षा मन्त्रालय— शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी नियमावली, २०७३ स्वीकृति विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

३३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— नेपाल वायुसेवा निगमको लागि नयाँ वाइड वडि वायुयान (Wide body A330-200) खरिद गर्न जमानत दिने।

३४. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय— स्थानीय तहमा कार्यकारी अधिकृत र लेखा प्रमुख खटाउने स्वीकृति दिने ।

३५. सहरी विकास मन्त्रालय— नेपाली राजनीतिका शिखर व्यक्तित्वद्वय श्री विशेश्वर प्रसाद कोइराला र श्री पुष्पलाल श्रेष्ठको सम्मानमा उहाँहरुको जन्मस्थल क्रमशः सिन्धुली जिल्ला, दुम्जा धरनी डाँडा सुनकोशी गाउँपालिकामा वि.पी. संग्रहालय एवं पार्क निर्माण र रामेछाप नगरपालिका वडा नं. ८ भंगेरीमा पुष्पलाल पार्क निर्माण गर्ने कार्य चालु आ.व. ०७३।७४ मा नै शुरुवात गर्ने गरी जग्गा अधिग्रहण, सम्भाव्यता अध्ययन र विस्तृत डिजाइनका लागि रु. ५० लाखका दरले रु. १ करोड विनियोजन गर्ने ।

३६. (क) "सम्मानीत सर्वोच्च अदालतको च.नं. ४५१८ मिति २०७३/१२/३१ को पत्रबाट तत्कालीन प्रहरी नायव महानिरीक्षक (हाल प्रहरी महानिरीक्षक) श्री प्रकाश अर्याल, प्रहरी नायव महानिरीक्षकहरू श्री नवराज सिलवाल, श्री जयबहादुर चन्द र श्री बमबहादुर भण्डारी समेतको चार आर्थिक वर्ष (आर्थिक वर्ष २०६९/७० देखि २०७२/७३ सम्म) को कार्यसम्पादन मूल्याङ्कन फारम महान्यायाधिवक्ता कार्यालय मार्फत माग भई आएको सन्दर्भमा लोक सेवा आयोगवाट सो आयोगमा रहेको उल्लिखित कार्यसम्पादन मूल्याङ्कन फारमहरू सम्मानीत सर्वोच्च अदालतमा पठाई सकेको बुझिएकोले, गृह मन्त्रालय मार्फत महान्यायायिवक्ताको कार्यालयमा प्राप्त का.स.मु. फारामहरू सम्मानीत सर्वोच्च अदालतमा पछि भिडाउने प्रयोजनका लागि माग भई आएको बखत पठाउने गरी महान्यायाधिवक्ताको कार्यालयमा नै सुरक्षीत राखी हाल प्रहरी प्रधान कार्यालयबाट महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त का.स.मु. फारामहरू सम्मानीत सर्वोच्च अदालतमा पठाउन र सो मुद्दाको प्रतिरक्षा गर्न श्री महान्यायाधिवक्ताको कार्यालयलाई निर्देशन दिने ।

(ख) प्रहरी नायव महानिरीक्षक श्री नवराज सिलवालले सम्मानीत सर्वोच्च अदालतसमक्ष पेश गरेको का.स.मु. को प्रतिलिपिका सन्दर्भमा निजवाट सो का.स.मु. को प्रतिलिपि फारम प्राप्तिको श्रोत खुलाइ सो का.स.मु. को प्रतिलिपि पेश गर्न लगाउने र सम्मानीत सर्वोच्च अदालतबाट समेत नियमानुसार निजले पेश गरेको का.स.मु. को प्रतिलिपि प्राप्त गरी उक्त का.स.मु. को अनुसन्धान गर्न प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिने ।"

३७. मिति २०७३/३/३० गते धादिङ जिल्लाको कम्पुर-३ मा मृत अवस्थामा भेटिएका अजित ढकाल मिजार र मिति २०७३/८/२४ गते काभ्रे जिल्लाको सानो बाङ्थली-७ मा मृत अवस्थामा भेटिएकी लक्ष्मी परियारका सम्बन्धमा छानविन गर्न नेपाल सरकार मन्त्रिपरिषद्द्वारा गठित छानविन समितिको प्रतिवेदन समेतका आधारमा देहाय बमोजिम गर्ने —

१. मृतक अजित ढकाल मिजार र लक्ष्मी परियारका परिवारलाई राहतस्वरूप प्रति परिवार १० लाख रूपैयाको दरले क्षतिपूर्ति उपलब्ध गराउने । उक्त रकम अर्थ मन्त्रालयले गृह मन्त्रालयलाई निकासा दिने ।
२. मृतक लक्ष्मी परियारका तीन नाबालक छोराछोरीको निःशुल्क पठनपाठनको व्यवस्था शिक्षा मन्त्रालयले गर्ने ।
३. मृतक अजित ढकाल मिजार र लक्ष्मी परियारका परिवारको शव आवश्यक कानूनी प्रक्रिया पूरा गरी आफन्तलाई जिम्मा लगाउने व्यवस्था गृह मन्त्रालयले गर्ने ।
४. छानविनको क्रममा दुबै घटनामा दोषी देखिएका घटनाका दोषीहरूलाई प्रचलित कानुनबमोजिम कार्वाहीको प्रक्रिया अगाडी बढाउने ।

३८. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७२/१२/४ को निर्णयानुसार गठित राष्ट्रिय योजना आयोगका सदस्य प्रा.डा. गीताभक्त जोशीको संयोजकत्वमा गठित उच्चस्तरीय समितिले दिएको त्रिभुवन विश्व विद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालय वीच देखिएको समस्या समाधानको लागि प्राप्त सुझावहरू सम्बद्ध निकायहरूसंग समन्वय गरी शीघ्र कार्यान्वयन गर्न शिक्षा मन्त्रालयलाई निर्देशन दिने । नेपाल सरकारका सम्बद्ध निकायहरूले उक्त सुझावहरू शीघ्र कार्यान्वयन गर्न शिक्षा मन्त्रालयलाई आवश्यक सहयोग गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

**२०७४ साल वैशाख ३ गते आइतबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. अर्थ मन्त्रालय— नेपाल राष्ट्र बैंकको सञ्चालक पदमा प्रा.डा. श्रीराम पौडेल र रामजी रेग्मीलाई नियुक्ति गर्ने ।

२. गृह मन्त्रालय— सम्माननीय राष्ट्रपतिज्यूबाट छिमेकी मित्रराष्ट्र भारतको राजकीय भ्रमणको शिलसिलामा प्रस्थानको दिन (मिति २०७४/१/४ गते) नेपाल राज्यभरका सवै सरकारी कार्यालय एवं विदेशस्थित नेपाली नियोगहरू समेतमा सार्वजनिक विदा दिने ।

३. परराष्ट्र मन्त्रालय— सम्माननीय राष्ट्रपतिबाट हुने गणतन्त्र भारतको राजकीय भ्रमण स्वीकृत गर्ने ।

४. परराष्ट्र मन्त्रालय— नेपाली महावाणिज्यदूतावास, न्यूयोर्कको कार्यक्षेत्र विस्तार गरी महावाणिज्यदूत पदमा मधुकुमार मरासिनीलाइ नियुक्ति गर्ने ।

५. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय— गाउँपालिका तथा नगरपालिकाको नाम, केन्द्र र वडाको विभाजनमा देखिएको भूलसुधार गरी नेपाल राजपत्रमा सूचना प्रकाशनको लागि स्वीकृति दिने।

६. शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सचिव श्री सुमनप्रसाद शर्मा उमेरको हदको कारणबाट मिति २०७४।१।९ देखि अनिवार्य अवकास प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**